# प्रदेश व्यवस्थापिकासम्बन्धी संवैधानिक व्यवस्था



**तेजप्रकाश जोशी** ✍

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभाबाट नेपालको संविधान पारित भई मिति २०७२ आश्विन ३ गतेबाट जारी भएको छ । यस संविधानले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्तासम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनि परिभाषा गर्दै प्रदेश व्यवस्थापिका सम्बन्धि व्यवस्था समेत गरेको छ ।

नेपालको संविधानको भाग-१४ अर्थात धारा १७५ देखि १९६ सम्म प्रदेश व्यवस्थापिका सम्बन्धि व्यवस्था उल्लेख भएको पाइन्छ । एक सदनात्मक हुने प्रदेश व्यवस्थापिकालाई नेपालको संविधानले प्रदेशसभा भनि नामाकरण गरेको छ । यहाँ प्रदेश व्यवस्थापिका सम्बन्धमा भएका अन्य संवैधानिक व्यवस्थाहरूलाई संक्षिप्तमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

सम्बन्धित प्रदेशबाट प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने, निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा प्रदेशसभा सदस्य निर्वाचित हुने र उक्त संख्या जम्मा प्रदेशसभा सदस्यको ६०% (साठी प्रतिशत) मानी बाँकी ४०% (चालिस प्रतिशत) प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था नेपालको संविधानमा रहेको पाइन्छ । पहिलो हुने, निर्वाचित हुने, निर्वाचन प्रणाली बमोजिम प्रदेश सभा सदस्यहरूको निर्वाचन भूगोल र जनसंख्याको आधारमा संघीय कानून बमोजिम निर्वाचन क्षेत्र कायम भई निर्वाचन कानून बमोजिम बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने व्यवस्था संविधानले गरेको छ । समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने प्रदेशसभा सदस्यहरूको लागि राजनैतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम,

---

✍ उपसचिव (कानून), प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचिका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुने र यसरी उम्मेवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने व्यवस्था संविधानले गरेको छ । त्यस्तै अपागंता भएका व्यक्ति समेतको प्रतिनिधित्व हुने व्यवस्था संविधानमा रहेको पाइन्छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्ने र प्रदेशसभाको सदस्यका लागि हुने निर्वाचनमा मतदान गर्ने अधिकार भएको र धारा १७८ बमोजिम योग्यता पुगेका कुनै पिन व्यक्ति कानूनको अधिनमा रहि प्रदेशको कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउने भएपनि एउटै व्यक्ति एकभन्दा बढि निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन नपाउने व्यवस्था समेत नेपालको संविधानमा रहेको छ ।

प्रदेशसभाको कार्यकालका सम्बन्धमा रहेको कानूनी व्यवस्था हेर्दा संविधान बमोजिम अगावै विघटन भएमा बाहेक पाँच वर्षको कार्यकाल रहेको छ । सम्बन्धित प्रदेशमा संकटकालिन अवस्थाको आदेश वा घोषणा लागु रहेको अवस्थामा प्रदेश ऐन बमोजिम यस्को कार्यकाल एक वर्ष नबढ्ने गरि थप गर्न सकिने छ । यस्तो अवस्थामा संकटकालिन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले ६ महिना पुगे पछि स्वतः समाप्त हुनेछ ।

कुनै पनि लाभको पदमा बहाल रहेको व्यक्ति प्रदेशसभाको सदस्यमा उम्मेदवार हुन नपाउने र लाभको पद भन्नाले सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पदलाई जनाउने व्यवस्था संविधानमा रहेको छ । निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतक पदलाई भने प्रदेशसभा सदस्य पदको उम्मेवारी दिने प्रयोजनको लागि लाभको पद मानिएको छैन । निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनैतिक पदमा बहाल रहेको व्यक्ति प्रदेशसभा सदस्य पदमा निर्वाचित भएमा त्यस्तो पदको सपथ ग्रहण गरेको मिति देखि उस्को अगाडिको पद स्वतः रिक्त हुने व्यवस्था समेत संविधानमा गरिएको छ । प्रदेशसभा वा प्रदेशसभा अन्तरगतको कुनै समितिमा भाग लिनु पूर्व नै प्रदेश कानून बमोजिम सपथ लिएको हुनु पर्ने भनि नेपालको संविधानमा स्पष्ट पारिएको छ ।

प्रदेशसभा सदस्यले सभामुख समक्ष लिखित राजिनामा दिएमा धारा १७८ बमोजिम तोकिएको योग्यता नरहेमा, प्रदेशसभाको कार्यकाल समाप्त भएमा, प्रदेशसभा विघटन भएमा, प्रदेशसभालाई सूचना नगरि लगातार १० वटा बैठक अनुपस्थित रहेमा, निज निर्वाचित भएको दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा र निजको मृत्यु भएमा प्रदेशसभा सदस्यको स्थान रिक्त हुने व्यवस्था संविधामा रहेको छ । संविधानको धारा १७८ बमोजिम योग्यता नभएको वा नरहेको

भन्ने सम्बन्धमा भने संवैधानिक इजलाशको निर्णय बमोजिम हुने कुरा संविधानमा उल्लेख भएको पाइन्छ ।

प्रदेशसभाको बैठक संचालन गर्ने प्रयोजनका लागि प्रदेशसभा सदस्यहरूले आफुहरू मध्येबाट एकजना सभामुख र उपसभामुख निर्वाचित हुनु पूर्व प्रदेशसभाको बैठकमा उपस्थित प्रदेशसभा सदस्यहरू मध्येका ज्येष्ठ सदस्यबाट सभाको अध्यक्षता हुने व्यवस्था संविधानमा रहेको छ । प्रदेशसभाको सभामुख र उपसभामुख फरक फरक दलको हुनुपर्ने र सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनु पर्ने व्यवस्था हाम्रो संविधानमा रहेको छ । सभामुखको अनुपस्थितिमा उपसभामुखले प्रदेशसभा बैठकको अध्यक्षता गर्ने संवैधानिक व्यवस्था रहेको छ । प्रदेशसभामा एक भन्दा बढि दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य प्रदेशसभाको सभामुख वा उपसभामुख हुन बाधा नपर्ने व्यवस्था समेत संविधानमा उल्लेख भएको छ । प्रदेशसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेको सभामुख र उपसभामुख प्रदेशसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

प्रदेशसभाका सभामुख र उपसभामुखले पद अनुकुलको आचरण नगरेको भन्ने प्रस्ताव प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित हुने र उक्त प्रस्ताव पारित भएमा सभामुख र उपसभामुख पद मुक्त हुने व्यवस्था संविधानमा उल्लेख भएको छ । यस्तो प्रस्ताव सभामुख विरुद्धको भए उपसभामुखले बैठकको अध्यक्षता गर्ने व्यवस्था भए पनि प्रस्तावको छलफलमा भाग लिने र मत दिन पाउने सभामुखको अधिकार भने सुरक्षित राखिएको छ । प्रदेशसभाका सभामुख र उपसभामुखले लिखित राजिनामा दिई पदमुक्त हुने व्यवस्था समेत संविधानले गरेको छ ।

प्रदेशसभाको अधिवेशन आह्वान र अन्त्यः सम्बन्धमा भएको संवैधानिक व्यवस्था हेर्दा अधिवेशनको आह्वान र अन्त्य प्रदेश प्रमुखबाट हुने, प्रदेशसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिन भित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने, एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भ बीचको अवधि ६ महिना भन्दा बढि नहुने व्यवस्था समेत संविधानमा रहेको पाइन्छ । प्रदेशसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनि प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य संख्याले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय प्रदेश प्रमुखबाट तोक्ने व्यवस्था हाम्रो संविधानमा रहेको छ ।

प्रदेशसभाको विशेषाधिकार सम्बन्धी संवैधानिक व्यवस्था देहाय बमोजिम रहेका छन् :

- संविधानको अधिनमा रहि प्रदेशसभामा पूर्ण वाकस्वतन्त्रता रहने ।
- प्रदेशसभामा व्यक्त गरेको कुनै कुरा वा दिएको मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्ने, थुनामा राख्ने वा निज उपर कुनै अदालतमा कारबाही नचलाउने ।
- प्रदेशसभाको कुनै काम कारबाही नियमित छ वा छैन भनि निर्णय गर्ने अधिकार सम्बन्धित प्रदेशसभालाई मात्र हुने ।
- कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रशारण गर्न नपाइने ।
- उपरोक्त उल्लेखित व्यवस्था प्रदेशसभा सदस्य बाहेक प्रदेशसभाको बैठकमा भाग लिन पाउने व्यक्तिका हकमा पनि लागु हुने ।
- प्रदेशसभा वा प्रदेशसभाको कुनै समितिको बैठकको अधिकार अन्तरगत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही नचल्ने ।
- प्रदेशसभाको सदस्यलाई अधिवेशन बोलाएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ नगरिने ।
- कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून बमोजिम पक्राउ गर्दा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिलाई तुरून्त दिनु पर्ने ।
- विशेषाधिकारको हनन् लाई प्रदेशसभाको अपहेलना मानिने र विशेषाधिकारको हनन् भएको छ वा छैन्न भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित प्रदेशसभालाई मात्रै हुने ।
- प्रदेशसभाको अपहेलना गरेमा अपहेलना गर्ने व्यक्तिलाई सभाको निर्णयबाट सभाको अध्यक्षता गर्ने व्यक्तिले सचेत गराउन, नसिहत दिन वा तीन महिनासम्म नबढ्ने गरि कैद गर्न वा १० हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने र यस्तो जरिवाना सरकारी बाँकी सरह असुल उपर हुने।
- प्रदेशसभाको अपहेलना गर्ने व्यक्तिले प्रदेशसभालाई सन्तोष हुने गरि क्षमा याचना गरेमा प्रदेशसभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी वा कम गर्न सक्ने ।
- प्रदेशसभाको विशेषाधिकार सम्बन्धि अन्य व्यवस्था प्रदेशसभाले कानून बनाई निर्धारण गर्न सक्ने ।

प्रदेश सरकारको मुख्यमन्त्रीलाई अविश्वासको प्रस्ताव पेश गर्ने र मुख्यमन्त्रीले आफु माथि प्रदेशसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न प्रदेशसभा समक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था संविधानमा रहेको पाइन्छ । मुख्यमन्त्रीलाई अविश्वासको प्रस्ताव राख्दा प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्य एक चौथाई सदस्यहरूले लिखित रूपमा मुख्यमन्त्री माथि प्रदेशसभाको विश्वास छैन भनि प्रस्ताव पेश गर्ने र उक्त प्रस्ताव तत्काल कायम रहेका सदस्यहरूको बहुमतबाट पारित भएमा मुख्यमन्त्री पदमुक्त हुने संवैधानिक व्यवस्था रहेको छ । अविश्वासको प्रस्ताव पारित भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले धारा १६८ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गर्नुपर्ने संवैधानिक व्यवस्था समेत रहेको छ । मुख्यमन्त्रीले आफु माथि प्रदेशसभाको विश्वास छ भनि राखेको प्रस्ताव पनि तत्काल कायम रहेका प्रदेशसभा सदस्यको बहुमतबाट पारित हुनु पर्दछ, अन्यथा मुख्यमन्त्री पदमुक्त हुने व्यवस्था संविधानले गरेको छ । मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिन भित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राखु पर्नेछ । मुख्यमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्ष भित्र त्यस्तो अविश्वासको प्रस्ताव पेश गर्न नसकिने संवैधानिक व्यवस्था रहेको छ ।

**प्रदेशसभा सम्बन्धमा भएका अन्य संवैधानिक व्यवस्थाहरू देहाय बमोजिमका छन्:**

- प्रदेश प्रमुखले प्रदेशसभाको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि प्रदेशसभाको बैठकलाई संवोधन गर्ने ।
- प्रदेशसभाको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुने ।
- प्रदेशसभामा बहुमतले निर्णय हुने र मत बराबर भएमा मात्रै अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने ।
- मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले प्रदेशसभाको बैठकमा भाग लिन पाउने तर आफु प्रदेशसभा सदस्य नरहेको कुनै मन्त्री, राज्य मन्त्री र सहायकमन्त्रीले मतदान गर्न नपाउने ।
- धारा १७९ बमोजिम सपथ नलिएको वा प्रदेशसभाको सदस्य नभएको कुनै व्यक्ति प्रदेशसभामा अनाधिकृत उपस्थित भएमा वा मतदान गरेमा प्रदेशसभाको बैठकको अध्यक्षता गर्ने व्यक्तिको आदेशले प्रत्येक पटक रू.५०००।– पाँच हजार रूपैयाँ जरिवाना हुने र त्यस्तो जरिवाना सरकारी बाँकी सरह असुल उपर हुने ।
- नेपालको कुनै अदालतमा विचाराधिन मुद्दाको सम्बन्धमा न्याय निरूपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधिशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा प्रदेशसभामा कुनै छलफल नगरिने ।

- प्रदेशसभामा कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत प्रदेशसभाले आफ्नो कार्य संचालन गर्न सक्ने र प्रदेशसभामा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भैसकेको कार्य अमान्य नहुने ।
- प्रदेशसभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेशसभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सक्ने ।
- प्रदेशसभाले आफ्नो कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, कामकारबाही र समिति सम्बन्धि अन्य विषय नियमित गर्नको लागि नियमावली बनाउने र यस्तो नियमावली नबनेसम्म आफ्नो कार्यविधि आफै नियमित गर्न सक्ने ।
- प्रदेशसभाको सभामुखको सिफारिसमा प्रदेश प्रमुखले प्रदेशसभाको सचिव नियुक्त गर्ने ।
- प्रदेशसभाको कामकारबाही संचालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहने र प्रदेश कानून बमोजिम स्थापना भई कार्यसंचालन गर्ने साथै प्रदेशसभाको सचिवको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त प्रदेश कानून बमोजिम हुने ।
- प्रदेशसभाका सभामुख, उपसभामुख र सदस्यहरूको पारिश्रमिक र अन्य सुविधा प्रदेश कानून बमोजिम हुने । यस्तो कानून नबनेसम्म प्रदेश सरकारले तोके बमोजिम हुने ।